# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
प्रशारण निर्देशनालय
ग्रीड विकास विभाग

फोन नं. : ९८५११०३६२१
gac132kv@nea.org.np
सन्धिखर्क, अर्घाखाँची


## बुर्तिबाङ पौदी-अमराई तम्घास सन्धिखर्क गोरुसिंगे १३२ के.भी. प्रशारण लाईन आयोजना

पत्र संख्या: २०८०/०८१ च.नं. ५२

मिति :- २०८०/०४/२९

श्री मुसिकोट नगरपालिका, गुल्मी।

श्री वडा नम्बर ०१ को कार्यालय, मुसिकोट नगरपालिका, गुल्मी।

श्री वडा नम्बर ०२ को कार्यालय, मुसिकोट नगरपालिका, गुल्मी।

श्री वडा नम्बर ०३ को कार्यालय, मुसिकोट नगरपालिका, गुल्मी।

**विषय :- सूचना टाँस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरणद्वारा प्रस्तावित बुर्तिबाङ पौदी-अमराई तम्घास सन्धिखर्क गोरुसिंगे १३२ के.भी. प्रशारण लाईन आयोजनाको अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण (UIEE) प्रतिवेदन तयारीको सिलसिलामा सरोकारवाला निकायहरुको राय सुझाव संकलनको लागि मिति २०८० /०४/२९ गतेको संलग्न बमोजिमको सार्वजनिक सूचनाको प्रतिलिपि त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ।

(मनोज प्रसाद चौधरी)
आयोजना प्रमुख

श्री प्रशासन सूचना टाँस गर्नी र सो को जानकारी सम्बन्धित टोलीलाई दिनुहुन।

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाम्री टक्सार, गुल्मी
दर्ता नं. २२६
मिति : २०८०/४/२९

# बुर्तिबाङ पौदी-अमराई तम्घास सन्धिखर्क गोरुसिंगे १३२ के.भी. प्रशारण लाईन आयोजना

## अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण (UIEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

(मितिः २०८०/०४/२९)

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला (बाणगंगा र बुद्धभुमि नगरपालिका), अर्घाखाँची जिल्ला (शितगंगा नगरपालिका, सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिका), र गुल्मी जिल्ला (रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका र इस्मा गाउँपालिका) तथा गण्डकी प्रदेश, बागलुङ जिल्ला (ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिका) मा नेपाल विद्युत प्राधिकरण, बुर्तिबाङ पौदी-अमराई तम्घास सन्धिखर्क गोरुसिंगे १३२ के.भी. प्रशारण लाईन आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं।<br>ईमेलः gac132kv@nea.org.np फोन नम्बरः ९८५११०३६२१ |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित ८५.२१ किलोमिटर लम्बाइको बुर्तिबाङ पौदी-अमराई तम्घास सन्धिखर्क गोरुसिंगे १३२ के.भी. प्रशारण लाईन आयोजना कपिलवस्तु जिल्लाको मोतिपुर सवस्टेसनबाट आरम्भ भई अर्घाखाँची जिल्लाको सन्धिखर्क सवस्टेशन, गुल्मी जिल्लाको तम्घास र पौदी-अमराई सवस्टेशन हुँदै बागलुङ जिल्लाको बुर्तिबाङ सबस्टेसनमा टुङ्गिनेछ। सवस्टेसन तथा प्रशारण लाईनको टावर निर्माणको लागि करीब १७.०३ हेक्टर जग्गा आवश्यक पर्नेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला / न.पा. / गा.पा.** | कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका (वडा नं. ०७ र ०९) र बुद्धभुमि नगरपालिका (वडा नं. ०१), अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका (वडा नं. ०२, ०३, ०४ र १२), सन्धिखर्क नगरपालिका (वडा नं. ०१, ०३, ०६, ०७, ११ र १२) र छत्रदेव गाउँपालिका (वडा नं. ०७ र ०८), गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका (वडा नं. ०३, ०४, ०५ र ०७), मुसिकोट नगरपालिका (वडा नं. ०१, ०२ र ०३) र इस्मा गाउँपालिका (वडा नं. ०२), र बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका (वडा नं. ०२) र बडिगाड गाउँपालिका (वडा नं. ०५, ०६ र ०७)। |

माथि उल्लिखित प्रस्तावको अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण (UIEE) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले **सात दिनभित्र** निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

***राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :***

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं।<br>ईमेलः gas132kv@nea.org.np फोन नं.: ९८५११०३६२१ |
| **परामर्शदाताको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाडौं।<br>ईमेलः env.social@nea.org.np फोन नं.: ०१-४४३५८०० |